**बागचौर क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड , २०७६**

कोभिड - १९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित बागचौर क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम “बागचौर क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड , २०७६” रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) “बागचौर क्षेत्रमा कार्यरत श्रमिक वर्ग” भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक , कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) “असहाय” भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर , आश्रम , धर्मशाला , गुम्बा , मस्जिद , गुरुद्वारा , चर्च वा वृद्धाश्रममा बस्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) “राहात” भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्छ ।

(घ) “स्थानीय तह” भन्नाले बागचौर नगरपालिका सम्झनुपर्छ ।

३. अभिलेख राख्नुपर्नेः (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ :

(क) दिनभर काम गरेर मात्र साँझ बिहानको छाक टार्ने परिवार जसको कुनै पनि जागिर, व्यापार, व्यवसाय, लगायत आम्दानीको स्रोत नभएको । खेतबारी भएतापनि आर्थिक स्रोत कमजोर भएको परिवार ।

(ख) यस नगरपालिकाका ज्याला मजदुरीको शिलशिलामा नगरपालिका भन्दा बाहिर गएका ज्यालादारी कामदारहरु (मजदुरहरु)

(ग) विशिष्ट अवस्थाका बागचौर नगरपालिका भित्रका बिपन्न तथा असहाय व्यक्तिहरु ।

(घ) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक ,

( ङ) पर्यटक भरिया , निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने , बाटोमा आबस्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति ,

( च) ट्रक , टिृपर , भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक ,

(छ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर ,

( ज) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई , शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति ,

(झ) गिटी कुट्ने , बालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर ,

(ञ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी , सिकर्मी , हेल्पर लगायतका मजदुर ,

(ट) नाङलो पसले , दैनिक रुपमा पत्रिका वितरक , साना फुटपाथ पसले , ठेला गाडा तथा साइकिलमा सामा बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर ,

(ठ) देहायका यातायात मजदुर :

(१) अन्य व्यक्तिको माल बाहक सवारी तथा डेलीभरि भ्यान चलाउने सवारी चालक , सहचालक ,

(२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक ,

(३) रिक्सा तथा ठेलागाडा चालक ,

(४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(ड) अन्य व्यक्तिको गार्मेन्ट , कार्पेट , टेलरिङ , गलैंचा , बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची-१ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई सर्बदलीय संयन्त्रमा छलफल गरि तीन दिन भित्र नगरपालिकामा पठाउने र नगरपालिकाले सार्वजनिक गर्नुपर्नेछ ।

४. राहात वितरण गर्नुपर्नेः दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्वन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ ।

५.राहत सामग्री : (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असाहयहरुलाई प्रति परिवारका लागि देहायका सामग्री राहत स्वरुप वितरण गरिनेछ :

(क) चामल ३० किलोग्राम

(ख) दाल ३ किलोग्राम

(ग) नुन २ पाकेट

(घ) खाने तेल २ लिटर

(ङ) साबुन ४ वटा

(च) चिनी २ किलोग्राम

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै परिवार संख्या कायम गर्दा दुई जनासम्म भए उपदफा (१) बमोजिमको राहत सामग्रीको आधा र सोभन्दा बढी परिवार संख्या भए पुरै राहत सामग्री वितरण गरिनेछ। (३) यस मापदण्डमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असाहय तथा तिनसँग सगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

६. वितरण गर्ने विधि : देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत वितरण गर्नु पर्नेछ ।

(क) प्रचलित कानुन बमोजिम छोटो प्रक्रियाबाट नगरपालिकाले खरिद गरी सम्बन्धित वडा कार्यालय मार्फत वितरण गर्ने ।

(१) स्थानीय तहले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन नेपाल सरकारको प्रतिनिधी विक्रेता खाद्दय संस्थान वा स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

(२) दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

७. राहतवितरणको अभिलेख र प्रतिवेदन : (१) सम्बन्धित वडाले वितरणको अनुसुची(२)बमोजिमको राहतविवरणको अभिलेख आफ्नो वडा कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिकगर्नु पर्नेछ र एक प्रति बागचौर नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) बागचौर नगर कार्यपालिकाको कार्यालयले राहतको प्रतिवेदन अनुसुची( ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ .

(३) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

८. कारवाही सम्बन्धिव्यवस्था : (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारि गरेको हद सम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नु पर्नेछ ।

अनुसुची( १

(दफा ३ सँग सम्बन्धित)

अभिलेखको ढाँचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरण :

१. नाम थर                                        २. बावुको नामः

३. बाजेको नामः                                   ४. स्थायी ठेगाना :

५. हालको ठेगाना :

६. टलिफोन वा मोबाईल नम्बर (भएमा) :

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान :

८. पेश गरेको कागजातको विवरणः -कम्तिमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिवा

ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपिवा

ग. सवारी चालकअनुमतिपत्रको प्रतिलिपिवा

घ. अन्य :

९. राहत लिने व्यक्तिको स्व. घोषणा :

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यामबाट आय आर्जन गरेका छैनन । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठिक साँचो हो । व्योहोरा परेमा प्रचलित कानुनबमोजिम सहुँला बुझाँउला ।

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदक :

दस्तखत :

मिति :

सिफारिस गर्ने पदाधिकारी :

दस्तखत :                                         स्थानिय तहको नाम :

नामः                                             वडा नं. :

पद :

मितिः

अनुसुची : २

(दफा७को उपदफा १सँग सम्बन्धित

..............पालिका

वडा नं. ...... कार्यालय ........

राहतवितरणको अभिलेख

| सि.नं. | राहतप्राप्तगर्ने व्यक्तिको नाम | ठेगानातथा टलिफोन नं. | वाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहतबुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहतवितरण गर्नेको

दस्तखतः

नाम थर :

टलिफोन नं.

अनुसुची : ३

(दफा७को उपदफा १सँग सम्बन्धित

..............पालिका

प्रतिवेदनको ढाँचा

| सि.नं. | राहतप्राप्तगर्ने व्यक्तिको नाम | ठेगानातथा टलिफोन नं. | वाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदनगर्नेको

दस्तखत:

नाम थर :

टलिफोन नं. :